# कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण तथा मानव अधिकारको संरक्षण गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपेरिवेक्षण, समन्वय, व्यवस्थापन र नियमनका लागी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्रहरी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियूक्ति गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ख) "अधिकृत" भन्नाले सहायक निरिक्षक र सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले प्रदेश प्रहरी कार्यालय सम्झनु पर्छ । सो शब्दले सो मातहत रहने प्रदेशको अन्य प्रहरी कार्यालय समेतलाई जनाउछ ।

(घ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम नियुक्त भएको प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ । सो शब्दले प्रचलित संघीय कानून बमोजिम यस प्रदेशमा समायोजन भई वा खटिई आएको प्रहरी कर्मचारी समेतलाई जनाउछ ।

(च) "प्रदेश प्रहरी प्रमुख" भन्नाले नेपाल सरकारबाट प्रदेश प्रहरी प्रमुखको रुपमा खटाइएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षकलाई सम्झनु पर्छ ।

(छ) "प्रदेश प्रहरी कार्यालय" भन्नाले कर्णाली प्रदेश प्रहरीको मुख्य कार्यालयलाई सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश प्रहरीको गठन र सञ्चालन

३. **प्रदेश प्रहरीको गठन** :(१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी सङ्गगठनमा प्रचलित संघीय कानून बमोजिम समायोजन भई वा खटिई आएको र यस ऐन बमोजिम नियुक्त भएका प्रहरी कर्मचारी रहनेछन ।

(३) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ।

(४) प्रदेश प्रहरीको सञ्चालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

(५) मन्त्रालय मातहत एक प्रदेश प्रहरी कार्यालय रहनेछ ।

(६) प्रदेश प्रहरी कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी एकाइ रहनेछन्।

४. <u>प्रदेश प्रहरी सेवामा रहने समूह</u> : (१) विशिष्टिकृत कार्य प्रकृतिका आधारमा प्रदेश प्रहरी सेवामा देहाय बमोजिमका समूह रहनेछन्।

(क) जनपद प्रहरी समूह

(ख) प्राविधिक प्रहरी समूह

(२) उपदफा (१) अन्तर्गतका समूहमा तोकिए बमोजिमका उपसमूहहरु रहनेछन् ।

५. <u>प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पद</u> : (१) प्रदेश प्रहरी सेवामा रहने प्रहरी कर्मचारीको श्रेणी र पद देहाय बमेजिम हुनेछः-

**(क) <u>राजपत्राङ्कित श्रेणी र पदः</u>**

| | |
|---|---|
| प्रथम श्रेणी | - प्रहरी नायब महानिरीक्षक |
| | - प्रदेश प्रहरी वरिष्ठ उपरीक्षक |
| द्वितीय श्रेणी | - प्रदेश प्रहरी उपरीक्षक |
| | - प्रदेश प्रहरी नायव उपरीक्षक |
| तृतीय श्रेणी | - प्रदेश प्रहरी निरीक्षक |

**(ख) <u>राजपत्र अनंकित श्रेणी र पद</u> :**

| | |
|---|---|
| प्रथम श्रेणी | - प्रदेश प्रहरी नायव निरीक्षक |
| द्वितीय श्रेणी | - प्रदेश प्रहरी सहायक निरीक्षक |
| तृतीय श्रेणी | - प्रदेश प्रहरी हवल्दार |
| चतुर्थ श्रेणी | - प्रदेश प्रहरी जवान |

**(ग) <u>श्रेणी विहीन</u>:** प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन्:

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर

(३) श्रेणी विहीन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. <u>सङ्गठन संरचना र दरबन्दी</u> : (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र संख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र संख्या निर्धारणका लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ग) नवौं वा दशौं तहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) प्रमुख (मानव स्रोत विकास हेर्ने), प्रदेश प्रहरी कार्यालय - सदस्य

(ङ) महाशाखा प्रमुख, मन्त्रालय (शान्ति सुरक्षा हेर्ने) - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारीता, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाई सराई तथा जनघनत्व,

(घ) अपराधको अवस्था र शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चूनौतीहरु,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र राजमार्गहरुको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधारहरु।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको संगठन संरचना दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकास नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ ।

७. <u>प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण</u> : (१) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत् प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नुपर्नेछ।

(४) उदफा (३) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ ।

(५) उदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि प्रमुख जिल्ला अधिकारीले प्रदेश प्रहरी परिचालन गर्न सक्नेछ । त्यसरी प्रदेश प्रहरी परीचालन गर्दा प्रमुख जिल्ला अधिकारीले प्रदेश मन्त्रालयको निर्देशनमा रही काम गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रदेश प्रहरी परिचालन गर्दा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्नेछ ।

(८) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा आफुभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

(९) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सन्दर्भमा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

८. <u>प्रदेश प्रहरी प्रशासन</u> : यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून र प्रदेश सरकारले समय समयमा दिएको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख तथा अन्य प्रहरी कर्मचारीबाट प्रदेश प्रहरी सङ्गठनको प्रशासन सञ्चालन हुनेछ ।

९. <u>प्रदेश प्रहरी प्रमुख</u> : (१) नेपाल सरकारबाट खटिई आएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ ।

(२) प्रदेश प्रहरी प्रमुखको पदमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको लोगो लगाउनुपर्नेछ ।

(३) प्रदेश प्रहरी प्रमुखले आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी हुनुपर्नेछ ।

(४) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाए सरहको हुनेछ।

## <u>परिच्छेद-३</u>

## <u>प्रदेश प्रहरीको पदपूर्ति</u>

१०. <u>पदपूर्ति</u> (१) प्रदेश प्रहरीको रिक्त पद पुर्तिका लागि प्रदेश प्रहरी कार्यालयले मन्त्रालयलाई लिखित विवरण पेश गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरी सेवाका खुल्ला प्रतियोगिता द्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा पदपूर्ति सम्बन्धी प्रक्रिया संचालन गरिनेछ।

(३) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोकसेवा आयोगले प्रचलित प्रदेश लोकसेवा आयोग ऐन, नियम बमोजिम सञ्चालन गर्नेछ।

(४) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रकृया, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली नेपाल प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(५) यस ऐनमा व्यवस्था भए देखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य तरिकाबाट पदपूर्ति गरिने छैन ।

(६) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| पद | खुल्ला प्रतियोगिता (प्रतिशत) | आन्तरिक बढुवा (प्रतिशत) | जम्मा प्रतिशत |
|---|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - | १०० |
| (ख) प्रहरी जवान | १०० | - | १०० |
| (ग) प्रहरी हवल्दार | - | १०० | १०० |
| (घ) प्रहरी सहायक निरीक्षक | ५० | ५० | १०० |
| (ङ) प्रहरी नायब निरीक्षक | - | १०० | १०० |
| (च) प्रहरी निरीक्षक | ५० | ५० | १०० |
| (छ) प्रहरी नायब उपरीक्षक | - | १०० | १०० |
| (ज) प्रहरी उपरिक्षक | | १०० | १०० |
| (झ) बरिष्ठ प्रहरी उपरिक्षक | | १०० | १०० |

(७) उपदफा (६) को खण्ड (ग) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायव निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा शत प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पद पूर्ति गर्दा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(९) उपदफा (६) को खण्ड (च) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्धारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशत सम्म खुला प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(१०) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा (१०) बमोजिम पदपूर्ति गर्दा समावेशी सिद्धान्तका आधारमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति हुने पद मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदुपूर्ति गरिनेछ । यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायको आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसंख्या,

(ख) आर्थिक र सामाजिक रुपमा पछाडी परेका तोकिए बमोजिमका वर्ग, जाति वा क्षेत्र, भएको प्रहरी कर्मचारीको परिवारको सदस्य,

(ग) अमर प्रहरी, शहिद परिवार, बेपत्ता परिवार वा चुनौतिपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको प्रहरी कर्मचारी परिवारको सदस्य ।

(११) खुला प्रतियोगितात्मक परीक्षाद्धारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड, तोकिए बमोजिम हुनेछ । यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (६) को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गर्ने,

(ख) एक भन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिम समावेशीको सुविधा लिई सकेपश्चात माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा नपाउने शर्त ।

(१२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११.** <u>पदपूर्ति गर्न नहुने</u> : राष्ट्रिय किताबखानामा (प्रहरी) मा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा पदपूर्ति गरिने छैन् ।

**१२.** <u>पदपूर्ति समितिः</u> (१) प्रदेश प्रहरी सेवाको रिक्त पदमा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारीस गर्न देहायबमोजिम पदपूर्ति गर्न देहाय बमोजिमको समिति रहने छ।

| | |
|---|---|
| (क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको सदस्य | - अध्यक्ष |
| (ख) सचिव, मन्त्रालय | - सदस्य |
| (ग) प्रदेश प्रहरी प्रमुख | - सदस्य |

(२) प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तीको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोकसेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढुवा समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको उपसमिति गठन गरी आफुमा रहेको अधिकार सुम्पन सक्नेछः-

(३) यस ऐन बमोजिम बढुवाद्धारा पूर्ति गर्न छुट्याईको पदको विवरण र संख्या पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(४) बढुवा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३.** <u>प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यता</u> : (१) खुला प्रतियोगिताद्धारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) अदालतबाट मानव अधिकार हनन्मा कसूरदार ठहरिएको ।

१४. **परीक्षाको पाठ्यक्रम** : प्रदेश प्रहरीको खुला प्रतियोगिताद्धारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम संघीय प्रहरी ऐन तथा सो अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ ।

१५. **नियुक्ति** :(१) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिस बमोजिम नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) वरिष्ठ प्रहरी उपरीक्षक पदमा - प्रदेश मन्त्रिपरिषद्

(ख) प्रहरी उपरीक्षक - मन्त्री, मन्त्रालय

(ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदमा - सचिव, मन्त्रालय

(घ) प्रहरी हवल्दार र प्रहरी जवान पदमा - प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारीसको योग्यताक्रमका आधारमा सिफारीस प्राप्त भएको मितिले पन्ध्र दिन भित्र नियुक्ति गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिने नियुक्तिपत्रको ढाँचा तोकिएबमोजिम हुनेछ।

१६. **परीक्षणकालः** (१) खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई आधारभूत तालिम सम्पन्न भएपछि एक बर्षको परीक्षणकालमा राखिनेछ ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका प्रहरी कर्मचारीको शुरु नियुक्त स्वत: सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ती सदर भएका प्रहरी कर्मचारीको सेवा अवधि सुरु नियुक्ती भएको मिति देखिनै कायम हुनेछ ।

१७. **नियुक्ति बदर हुने अवस्थाः** देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारीले प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुन: असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा ।

१८. **शपथ ग्रहणः** आधारभुत तालिममा उत्तिर्ण भएको प्रहरी कर्मचारीले तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१९. **पोशाक र दर्ज्यानी चिन्हः** (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले लगाउने पोशाकमा राखिने नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने चिह्न वा लोगो प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **पदाधिकार कायम रहने** : देहायको अवस्थामा प्रदेश प्रहरीको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्धारा तोकिएको अवधीभर काम गरुन्जेल,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

२१. **कायम मुकायम र निमित्त** : (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिना भन्दा बढी अवधिको लागि रिक्त भएमा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पद भन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कायममुकायम भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कायममुकायम भई काम काज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कायममुकायम भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कायममुकायम नतोकिएको अवस्थामा पन्ध्र दिन भन्दा वढी ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ ।

(४) कायममुकायम वा निमित्त भई कम्तिमा पन्ध्र दिन भन्दा वढी काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन् ।

## परिच्छेद-४
## प्रदेश प्रहरीको तालिम सम्बन्धि व्यवस्था

२२. **तालिम अनिवार्य लिनु पर्ने** : प्रदेश प्रहरीमा रहेका सबै प्रहरी कर्मचारीहरुले आवश्यकता अनुसार अनिवार्य तालिम लिनुपर्नेछ ।

२३. **आधारभुत तथा वृत्ति विकास सम्बन्धि तालिम** : (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नुपर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टकृत र वृत्तिविकास सम्बन्धी तालिमहरुको आवश्यकताको पहिचान, पाठ्यक्रमको निर्माण, तालिमको अवधि, प्रशिक्षण स्तरको लागि आवश्यक पर्ने मापदण्ड प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियमावलीमा उल्लेखभए बमोजिम हुनेछ ।

(२) प्रदेशको भौगोलिक विशिष्टता र मौसमी अवस्थालाई मध्यनजर गर्दै सक्षम, सबल, व्यवसायीक र विशिष्टिकृत जनशक्ति उत्पादन गर्न पर्वतीय प्रहरी प्रतिष्ठान तथा प्रहरी तालिम केन्द्र स्थापना गर्न सकिने छ ।

(३) तालिममा समावेश भएको प्रहरी कर्मचारीले लापरवाही, वा गैरजिम्मेवारी कार्य गरेमा वा उदाशिनता देखाएमा सो व्यहोरा अभिलेखमा जनाईनेछ ।

२४. **वैदेशिक तालिम :** प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिम, गोष्ठी, भ्रमण र अध्ययनका लागि मनोनयन गर्दा संगठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी संगठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।यसरी विदेश तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ ।

२५. **तालिम सम्बन्धी अन्य व्यवस्था :** (१) प्रदेश प्रहरीको क्षमता विकासको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) परीक्षार्थीहरुले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग), प्रमाणपत्रको ढाँचा, प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिईने विशेष सुविधा जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) तालिम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## बढुवा सम्बन्धी व्यवस्था

२६. **बढुवा समिति :** (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायका पदमा बढुवा प्रक्रियाद्धारा पदपूर्तिका लागि सिफारिस गर्न देहायबमोजिमका छनौट समिति रहनेछन् :-

(क) राजपत्रांकित श्रेणीका पदका लागि:

(१) सचिव, मन्त्रालय – अध्यक्ष

(२) सचिव, प्रदेश लोकसेवा आयोग – सदस्य

(३) प्रमुख, प्रदेश प्रहरी कार्यालय – सदस्य

(ख) राजपत्र अनंकित श्रेणीका पदका लागि:

(१) प्रमुख, प्रदेश प्रहरी कार्यालय – अध्यक्ष

(२) प्रमुख, शान्ति सुरक्षा महाशाखा, मन्त्रालय – सदस्य

(३) अधिकृत प्रतिनिधि नवौ वा दशौ, प्रदेश लोक सेवा आयोग – सदस्य

(२) बुढवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाकोलागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि नजिकको नातेदार भन्नाले बाबु,आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी ज्वाई, दाजुभाउजु, भाई बुहारी, दिदि भिनाजु, बहिनी, बहिनी ज्वाँई, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाई, भान्जा, भान्जी, बुहारी, भान्जी, भान्जी ज्वाई, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाई, सासु, सुसुरा, देवर, देवरानी, नन्द, आमाजु, जेठाजु, साला, साली, सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नुपर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको लागि जानकारीको लागि प्रकाशन गर्नुपर्नेछ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्धारा पदपूर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्धारा पदपूर्ति गरी सक्नुपर्नेछ ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(७) बढुवाद्धारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **बढुवाको सम्भाव्य उम्मेदवार हुने** : प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदावर हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) राजपत्रअनंकित पदको लागि चार वर्ष

(ख) राजपत्रअनकङ्कित पदबाट राजपत्राङ्कित पदको लागि आठ वर्ष

(ग) अन्य राजपत्राङ्कित अधिकृत पदका लागि चार वर्ष

२८. **बढुवाको समभाव्य उम्मेदवार हुन नपाउने** : प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि देहायको अवस्था र अवधिभर सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाईपाई आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यही वर्षसम्म

(च) ज्येष्ठता सहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

बहाल रहेको पदमा तीनपटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसहित पाएको मितिले एक वर्षसम्म,

(छ) पुनर्बहाली भएको प्रहरी कर्मचारिको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(ज) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामा उल्लेख भएको अवधिभर,

(झ) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **बढुवाको आधार** : (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता वापत पाएको कुल अंकको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मुल्याङ्कनको गर्दा देहाय बमोजिम बढीमा एक सय अंक दिइनेछ ।

| | |
|---|---|
| (क) कार्यसम्पादन मुल्याङ्कन वापत | - ४० अंक |
| (ख) ज्येष्ठता वापत | - २५ अंक |
| (ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव वापत | - ८ अंक |
| (घ) शैक्षिक योग्यता वापत | - १० अंक |
| (ङ) तालिम वापत | - ७ अंक |
| (च) चुनौतिपूर्ण वा विशेष जिम्मेवारी वापत | - ५ अंक |
| (छ) बढुवा समितिले दिने | - ५ अंक |

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मुल्याङ्कन वापत अंक गणना गर्दा असार मसान्त सम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवा समितिको बैठक बस्नु भन्दा अघिल्लो दिनसम्म हासिल गरेको अंक गणना गरिने छ ।

(४) श्रेणी विहिन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **कार्य सम्पादन मूल्याङ्कन फाराम** : (१) प्रदेश प्रहरी कर्मचारीले तोकियबमोजिमको ढाचाँको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गर्नुपर्नेछ ।

(२) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नुपर्नेछ ।

(३) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क | - २५ अङ्क |
| (ख) पुनरावलोकनकर्ताले दिन सक्ने | - १० अङ्क |
| (ग) पुनरावलोकन समितिले दिन सक्ने | - ५ अङ्क |

(४) प्रदेशका जिल्ला प्रहरी प्रमुखको हकमा उपदफा (३) को खण्ड (क) बमोजिम सुपरीवेक्षकले दिने पच्चिस अङ्क मध्ये पूर्णाङ्क दशमा प्रमुख जिल्ला अधिकारीले अङ्क दिनेछ ।

(५) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

(६) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **ज्येष्ठता मूल्याङ्कन** : प्रदेश प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा पच्चीस अङ्क दिइनेछ ।

तर,

(क) एक वर्ष भन्दा बढी अवधिको सेवा सम्बन्धमा महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिईनेछ।

(ख) गएल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइनेछैन।

३२. **भौगोलिक क्षेत्र बापतको मूल्याङ्कन** : (१) प्रदेश प्रहरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव वापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमश : क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरी वार्षिक रुपमा काम गरेको अनुभव वापत आठ अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ :-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २.५ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा १८० दिन वा सोभन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र १८० दिन भन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अङ्क दिईनेछ ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापत सरहको अङ्क दिईनेछ ।

(४) संयुक्त राष्ट्र संघीय मिशनमा खटिएको वा विदेशस्थित नेपाली कुटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरी कर्मचारीलाई "घ" वर्गको र अध्ययन विदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रहरी कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(६) यस दफामा जनुसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुनु अघि कुनै प्रदेश प्रहरी कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्क घट्ने छैन । त्यसरी प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क आठमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ ।

३३. **शैक्षिक योग्यता** : (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछ :-

| शैक्षिक योग्यता | अङ्क |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नियुक्ती हुन आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत | ८ |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप | २ |
| (ग) बढुवाद्धारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत | ५ |

(२) यस ऐन बमोजिम प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३४. **तालिम**: (१) प्रहरी कर्मचारी माथिल्लो पदमा बढुवा हुन प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको आधारभूत र सेवाकालीन तालिमबापत देहाय बमोजिम बढीमा सात अङ्क दिइनेछ :-

| सि.नं. | तालीमको किसिम | (क) श्रेणी | (ख) श्रेणी | (ग) श्रेणी |
|---|---|---|---|---|
| १ | आधारभूत/सेवा कालीन तालीम | ३.५ | ३ | २.५ |
| २ | आधारभूत/सेवा कालीन तालीम | ३.५ | ३ | २.५ |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिँदा पन्ध्र कार्य दिन भन्दा कम अवधिको तालिमको लागि कुनै अङ्क दिइने छैन्।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ ।

(५) कुनै प्रदेश प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनु भन्दा अघि हासिल गरेको तालिमको हकमा तालिमबापत प्राप्त गरेको अङ्कलाई अधिकतम सात अङ्कमा परिणत गरी उपदफा (१) बमोजिम अङ्क प्रदान गरिनेछ।

(६) आधारभूत तालिम बापतको अङ्क सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि गणना गरिने छैन् ।

७ तालिम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३५. <u>चुनौतीपुर्ण तथा विशेष जिम्मेवारी वापतको अङ्कः</u> (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे वापत अङ्क लिँदा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) अति चुनौतीपुर्ण वा विशेष जिम्मेवारी बापत -५ अङ्क

(ख) मध्यस्तरको चुनौतीपुर्ण वा विशेष जिम्मेवारी वापत -३.५ अङ्क

(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी वापत -२ अङ्क

(२) उपदफा (१) खण्ड (क) र (ख) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापतको अङ्क गणना गर्दा जुन पदमा रहँदा अङ्क प्राप्त गरेको हो सो पदबाट एक तहमाथीको पदमा बढुवाको लागी मात्र अङ्क गणना गरिने छ । अङ्क प्रदान गर्दा के कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी वापत अङ्क प्रदान गरिएको सो समेत स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत अङ्क दिने आधार, त्यस्तो मुल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. <u>बढुवा समितिले दिने अङ्कः</u> (१) बढुवा हुने प्रहरी कर्मचारीलाई बढुवा समितिले पाँच अङ्क सम्म प्रदान गर्न सक्नेछ । यसरी पाँच पूर्णाङ्कमा अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टा छुट्टै मुल्याङ्कन गरी दिएको अङ्कको औषत गणनाबाट बढुवा समितिले अङ्क निर्धारण गर्न सक्नेछ ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अङ्क दिदा कुनै प्रहरी कर्मचारीलाई दुई भन्दा कम वा चार भन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्ने छ ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यसम्पादनमा प्राप्त गरेको अङ्क तथा निजले हालको पदमा प्राप्त गरेको पदक, पुरस्कार तथा प्रसंशा पत्र पाएको आधारलाई तुलनात्मक रुपमा बढी अङ्क र सजाँय पाएकालाई कम अङ्क दिनुपर्नेछ ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. <u>बढुवा सम्बन्धी विशेष व्यवस्थाः</u> (१) प्रदेशको लागी देहाय बमोजिमको उत्कष्ट कार्य गर्ने प्रहरी जवान देखी सहायक निरिक्षक सम्मका प्रहरी कर्मचारीलाई दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तहमाथीको रिक्त पदमा बढुवा गर्न सक्नेछन् :-

(क) राष्ट्र तथा आफु सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रसंसनीय, सृजनात्मक र लगनशिल भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी संगठनको छवी उच्च राख्न विशेष योगदान पुऱ्याएको, र

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको शिलशिलामा वीरगती प्राप्त गरेको वा शारीरिक रुपमा असक्त भई सेवाबाट अबकाश लिनपर्ने अवस्थाको ।

(२) उपदफा (१) बमोजिम बढुवा गरेको पन्ध्र दिन भित्र बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले मन्त्रालयलाई दिन पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा दुई जना गरी विभिन्न श्रेणीका बढीमा छ जना सम्मलाई बढुवा गर्न सक्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एउटै पदमा कम्तिमा बाह्र वर्ष बहाल हुने प्रहरी उपरीक्षक सम्मको कर्मचारीले उमेरको हद वा पदावधीको कारणबाट अबकाश हुने भएमा अवकाश हुनु भन्दा एक महिना त्यस्ता प्रहरी कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिने छ । यसरी बढूवा भएको पदमा निज एक महिना भन्दा बढी कार्यरत हुने छैन।

(५) उपदफा (४) बमोजिम बढुवा गर्नको लागी स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वत खारेज हुनेछ ।

(६) उपदफा (५) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनु भन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधा भन्दा घटी नहुने गरी सुविधा दिइनेछ ।

३८. <u>बढुवा उपरको उजुरी</u> : (१) यस ऐन बमोजिम बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछ :-

(क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोकसेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने समितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ ।

(३) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारीस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद-६

## सरुवा र काज

३९. **सरुवा :** (१) यस ऐनको अधिनमा रही आवश्यकता अनुसार प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ ।

तर राजपत्रांकित प्रहरी कर्मचारी तथा प्रहरी इकाई प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा नेतृत्व, सहायक नेतृत्व र बिशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ ।

(३) सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन प्रदेश प्रहरी कार्यालयले सरुवा समय तालिका समेत समावेश गरी मापदण्ड बनाउनेछ। सो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(४) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारणले सो प्रदेशमा सरुवा हुन माग गरेमा सम्बन्धित प्रदेशको सहमतिमा प्रदेश सरकारले सरुवा भई जान सहमति दिन सक्नेछ ।

(५) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा समायोजन भएको प्रहरी कर्मचारीसँग विवाह भएको कारणले उक्त विवाहित प्रहरीलाई यस प्रदेशमा सरुवा हुन सम्बन्धित प्रदेशको सहमति पेश गरेमा प्रदेश सरकारले सरुवा भई आउन सहमति दिन सक्नेछ ।

(६) प्रहरी कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सरुवा अवधि नपुग्दै कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पुरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखिरहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आई परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नुपर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

४०. **सरुवा गर्ने अधिकारी :** प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) प्रहरी वरिष्ठ उपरीक्षकलाई मन्त्रालयको सिफारीसमा प्रदेश मन्त्रिपरिषद्‌ले,

(ख) प्रहरी उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवले,

(ग) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,

(घ) प्रहरी कार्यालय सहयोगी देखी प्रहरी नायब निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई प्रहरी वरिष्ठ उपरीक्षकले ।

४१. **काज सम्बन्धी व्यवस्था :** (१) प्रहरी कर्मचारीलाई आवाश्यकता अनुसार काजमा खटाउन सकिनेछ ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४२. **तयारी अवस्थामा रहनु पर्ने :** (१) नियमित डिउटीमा रहेको अवस्थामा बाहेक सामान्यतया जगेडामा रहेको मानिनेछ, संगठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा जवानहरुलाई हाजिर हुन जानकारी गराउन सकिनेछ।यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी अधिकृत तथा जवानहरुले संगठनले तोकेको कुनै पनि इकाईमा तत्काल हाजिर हुनु पर्नेछ ।

(२) प्रहरी अधिकृत तथा जवानहरु डिउटीमा तैनाथ रहनु पर्ने समयावधी र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४३. **समन्वय गर्नु पर्ने:** (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा प्रदेश सरकार मार्फत संघीय प्रहरीसँग समन्वय गर्नुपर्नेछ ।

(२) प्रदेश प्रहरीले कुनै पनि एक वा एक भन्दा बढी प्रदेशसँग सम्बन्धित अपराध अनुसन्धानमा सूचना आदान प्रदान र सहयोग माग गरेमा मन्त्रालयको अनुमति लिई समन्वय गर्न सक्नेछ ।यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशिघ्र मन्त्रालयमा गराउनु पर्नेछ ।

४४. **अधिकार प्रयोग र प्रत्यायोजन :** १) प्रहरी अधिकृत तथा जवानहरुले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार वा अख्तियार प्रयोग र प्रत्यायोजन गर्न सक्नेछन्।

(२) प्रहरी अधिकृत तथा जवानहरुले पाएको अख्तियार निजभन्दा माथिका दर्जाका प्रहरी अधिकृत तथा जवानहरुले प्रयोग गर्न पाउनेछ ।

४५. **प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनको अधिनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जिउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सुचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(ङ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(छ) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(झ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको सुरक्षा व्यवस्था मिलाउने,

(ञ) ट्राफिक प्रहरीलाई समयानुकुल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ट) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ठ) प्रदेश प्रहरीको तालीम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ड) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ढ) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(ण) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(त) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा सङ्घीय कानून बमोजिम सो को लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(थ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(द) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने।

(२) सार्वजनिक आवागमन अवरोध सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले प्रयोग गर्न सक्नेछ।

(३) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणहरुको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी प्रयोग गर्नु पर्नेछ।

(४) प्रहरी अधिकृत तथा जवानहरुले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ ।

४६. <u>जानकारी गराउने</u>ः (१) प्रदेश प्रहरीले सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित सूचना सङ्कलन गरेको र सोको आधारमा सुरक्षा व्यवस्था मिलाएको जानकारी मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई गराउनु पर्नेछ।

(२) प्रदेश प्रहरीले अपराध अनुसन्धान गरेको मुद्दा सम्बन्धी मासिक प्रतिवेदन मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।

४७. <u>पक्राउ गर्न सक्ने अधिकार</u> : (१) प्रचलित संघीय कानून बमोजिम कसैलाई पक्राउ गर्नुपर्ने भएमा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्रदेश प्रहरीले पक्राउ गर्न सक्नेछ :-

(२) प्रहरी अधिकृत तथा जवानहरुले देहायका व्यक्तिलाई पक्राउ पूर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजबस्तु साथमा लिई हिँडेको व्यक्ति

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्ने उद्योग गरिरहेको व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा र सशस्त्र प्रही बल नेपाल, छाडी भागेको व्यक्ति,

(छ) प्रचलित कानून बमोजिमको अपराध गरेको व्यक्ति,

(ज) कसूर प्रमाणित भई कैद वा जरिवानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेको व्यक्ति।

४८. **अभिलेख राख्नु पर्ने :** (१) प्रहरी कार्यालयहरुले दैनिक रुपमा सम्पादन गरेका कार्यहरुको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी संगठनको कार्यालयले अध्यावधिक गरी सही एवं दुरुस्त हालतमा रुजु राख्नुपर्नेछ ।

(४) नेपाल प्रहरी तथा अन्य प्रदेशका प्रदेश प्रहरीलाई तोकिए बमोजिमको प्रकृया पूरा गरी अवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## प्रहरी कर्मचारीको तलब, भत्ता, रासन तथा अन्य सुविधा

४९. **प्रदेश प्रहरी कर्मचारीहरुले पाउने सुविधा :** (१) प्रदेश प्रहरी अधिकृत जवान तथा सहयोगीहरुले तलब भत्ता, रासन, चाडबाड खर्च, उपचार खर्च, निवृतिभरण तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानले सेवा अवधिभर राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी बिहिन प्रहरी भए एक्काईस महिना बराबरको खाईपाई आएको तलब सरह उपचार खर्च रकम तोकिए बमोजिमको प्रक्रिया र मापदण्ड पूरा गरी पाउनेछ ।

(३) सञ्चयकोष सम्बन्धी व्यवस्था प्रदेश प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरी दिनेछ ।

५०. **बीमा सम्बन्धी व्यवस्था:** प्रदेश सरकारले तोके बमोजिम प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

५१. **प्रहरी कल्याण कोष :** (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा जम्मा हुने रकम त्यसको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५२. **बिदा :** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका विदा पाउनेछन्:-

(क) भैपरी आउने विदा

(ख) घर विदा

(ग) बिरामी बिदा

(घ) किरीया विदा

(ङ) प्रसुती विदा

(च) प्रसूती स्यहार बिदा

(छ) सट्टा बिदा

(ज) अध्ययन बिदा

(२) प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले पाउने बिदा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## प्रदेश प्रहरी सेवाका कर्मचारीको अवकाश, उपदान तथा निवृत्तिभरण तथा राजिनामा

५३. **अवकाश :** प्रदेश प्रहरी कर्मचारीको अवकाश सम्बन्धी व्यवस्था प्रचलित संघीय प्रहरी सम्बन्धी कानूमा व्यवस्था भए बमोजिम हुनेछ ।

५४. **उपदान** : (१) पाँचवर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहाय बमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्ष भन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

**स्पष्टीकरण:** "आखिरी तलब" भन्नाले प्रहरी कर्मचारीले अवकाश प्राप्त गर्ने समयमा खाईपाई आएको तलबमानलाई सम्झनुपर्छ ।

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिइने छैन् ।

**५५.** **निवृत्तभरण :** (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म प्रदेश प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले निवृत्तभरण पाउनेछ ।

तर प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तभरण दिइने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिम दिइने निवृत्तभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) प्रहरी निरीक्षकदेखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मको प्रहरी कर्मचारीको हकमा:-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) प्रहरी नायब निरीक्षक र सो भन्दा मुनीका प्रहरी कर्मचारीको हकमा:-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(४) अवकाश भई प्रहरी हवल्दार र सोभन्दा मुनिको पदबाट निवृत्तिभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तिभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवूत्तभरणको न्यूनतम रकम समान पदको आधाभन्दा बहालवाला प्रहरी कर्मचारीको तलब सुरु स्केलको सुरु अङ्कको कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन् ।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवालाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापिन भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरी सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस ऐन बमोजिम निवृत्तभरण पाउने छैन्।

(८) बहालावाला प्रहरी कर्मचारीको तलबवृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

(९) प्रदेश प्रहरी सेवाका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउन उपचार खर्च, पारिवारिक निवृत्तिभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्ततीवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तिभरण र उपदान योगदानमा आधारीत र अन्य सुविधा तोकिएबमोजिम हुनेछ।

५६. **<u>राजिनामा दिन सक्ने</u>** : (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) प्रदेश प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिएबमोजिम हुनेछ ।

५७. **<u>नोकरी छोड्न नपाउने</u>** : (१) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन ।

तर कुनै प्रहरी कर्मचारीलाई नोकरी नछोडी नहुने विषेश परिस्थिति उत्पन्न भएमा निजले कारण खुलाई राजत्राङ्कित प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुख मार्फत मन्त्रालय समक्ष र राजपत्र अनङ्कित कर्मचारीले प्रदेश प्रहरी प्रमुख समक्ष निवेदन गर्नुपर्नेछ । उक्त कारण मनासिब भएमा कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वदेश तथा विदेशमा गराईने तालिम लगायतमा खर्च भएको रकम असुल उपर गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरेवापत निजले पाएको तलब राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान वापतका रकमहरु असुल उपर गरिनेछैन ।

## <u>परिच्छेद-१०</u>

## <u>आचरण</u>

५८. **<u>दान, दात्वय, उपहार लिन नहुने</u>** : (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारका दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित भएको व्यक्तिसँग सापट लिन वा अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन् ।

(२) प्रहरी कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नुपर्नेछ ।

५९. **<u>सम्पत्तिको विवरण दिनु पर्ने</u>** : प्रत्येक प्रहरी कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र तोकिएको निकायमा पेश गर्नुपर्नेछ ।

६०. <u>कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने</u>: प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैङ्क, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

६१. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध</u> **: (१)** प्रहरी कर्मचारीले प्रदेश सरकार वा मन्त्रालयबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा वताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश प्रहरी सेवाबाट हटेको व्यक्तिको हकमा समेत लागु हुनेछ ।

६२. <u>रेडियो टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतिय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुनेः</u> (१) प्रहरी कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै टेलिभिजन, पत्रपत्रिका, विद्युतिय वा अन्य सञ्चार माध्यममा वास्तविक वा काल्पनिक नाम वा बेनामी तवरले कुनै लेख प्रकाशन गर्न वा रेडियोद्धारा प्रशारण गर्न हुँदैन ।

तर, प्रहरी कर्मचारी सङ्गठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्नेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि साहित्यिक, कलात्मक, ऐतिहासिक वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रशारण गर्न सकिनेछ ।

६३. <u>यातना दिन नहुने</u> **:** प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुदैन् ।

६४. <u>प्रदर्शन र हडताल गर्न प्रतिबन्ध</u> **:** (१) प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सृजना गर्ने उद्देश्यले अनसन बसी अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुदैन् ।

(२) यस दफा विपरित कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पतिमा क्षति पुऱ्याएमा त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ ।

६५. <u>प्रेसको सहारा लिन नहुनेः</u> कुनै प्रहरी कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन ।

६६. <u>सरकारको आलोचना गर्न नहुनेः</u> (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी कुनै प्रहरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनीक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन ।

६७. <u>निर्वाचनमा भाग लिन नहुनेः</u> प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

६८. <u>राजनीतिमा भाग लिन नहुने:</u> प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन ।

६९. <u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने:</u> प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य प्रहरी कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

७०. <u>समय पालन र नियमितता:</u> प्रहरी कर्मचारीले नियमित रुपले आफ्नो पालोमा कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म बिदामा बस्नु पुर्व स्वीकृति नलिई कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुदैन ।

७१. <u>अनुशासन र आज्ञापालन:</u> प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृत प्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवा समुहको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने ।

७२. <u>लैङ्गिक संवेदनशील हुनु पर्ने:</u> प्रहरी कर्मचारी काम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशील हुनु पर्नेछ।

७३. <u>कानून विपरीत विवाह गर्न नहुने:</u> प्रहरी कर्मचारीले बिहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

७४. <u>हातपात वा जोरजुलुम गर्न नहुने:</u> कुनै प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

७५. <u>घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने:</u> कुनै पनी प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन ।

७६. <u>यौनजन्य दुव्यवहार गर्न नहुने:</u> प्रहरी कर्मचारीले यौनजन्य दुव्यवहार गर्नु हुँदैन ।

७७. <u>यातना दिन नहुने:</u> प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन् ।

७८. <u>प्रतिनिधित्व गर्न नहुने</u> : प्रहरी कर्मचारीले आफुलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्धारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन् ।

७९. <u>अन्य आचारण</u> : प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ ।

## परिच्छेद-११

## विभागीय सजाय तथा पुनरावेदन

८०. **विभागीय सजायः** (१) प्रचलित संघीय कानून बमोजिम समायोजन भई प्रदेशमा खटिएका प्रहरी कर्मचारीको विभागीय सजाय र सजाय दिने अधिकारी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रदेश प्रहरीमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाईपाई आएको बढीमा पाँच तलबवृद्धिसम्म घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठतासहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

८१. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानहरुलाई नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन संतोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरवाही गरी गैरजिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका वखत मनासिब आधार र कारण विना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

(छ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा ।

८२. **बढुवा वा तलब वृद्धि रोक्का :** देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच बर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछ।

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ङ) दफा ५९, ६०, ६१, ६२, ७०, ७१, ७२, ७५, ७९ मा उल्लेखित आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा ।

(च) दफा ८१ बमोजिमको सजाय दुई पटक पाइसके पछि पुन सो दफा बमोजिम कुनै काम गरेमा ।

८३. <u>तलब वृद्धि वा सुरु स्केल वा तल्लो पदमा घटुवा</u> : देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाईपाई आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछ :

(क) अनुशासनहीन काम गरेमा,

(ख) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानी नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिवाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा,

(झ) दफा ५८, ६५, ६६, ७३, ७४ मा उल्लिखित आचरणसम्बन्धी नियम उल्लङघन गरेमा ।

८४. <u>सेवाबाट हटाउने वा वर्खास्त गर्ने</u> : (१) देहायको कुनै पनि अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) आफ्नो पदीय जिम्मेवारीमा बारम्बार लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बारम्बार उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा,

(घ) पटक पटक अनुशासनहीन काम गरेमा,

(ङ) दफा ६४, ६७, ६८, ६९, ७६, ७७ र ७८ मा उल्लखित आचारण उल्लंघन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ८१, ८२ र ८३ बमोजिमको सजाय तीन पटक पाईसकेपछि पुन: सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैदसजाय भएमा, सरकारी कार्य सम्पादन गर्ने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिना भन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिएबमोजिमको अवधिसम्म सेवा नगरेमा,

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरियमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) प्रहरी विशेष अदालतबाट दोषी ठहरिएमा,

८५. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्ठा विवरण पेश गरेमा हुने कारबाही** : (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्ने सकिनेछ । यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर विदा जनाई गैर विदा सम्बन्धी कसूरमा दफा ८१ बमोजिम कारबाही हुनेछ ।

८६. **सजाय सम्बन्धी कार्यविधि:** (१) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनुपर्दछ । साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रुपमा पेश गर्नु पर्नेछ ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम आरोप लागेको प्रहरी कर्मचारीले सफाई पेश गर्न दिईएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी उचित म्याद दिई स्पष्टिकरण माग्नुपर्नेछ ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीलाई प्रहरी सेवाबाट हटाउदा वा बर्खास्त गर्दा तोकिएबमोजिम गर्नु पर्नेछ ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको वा प्रहरी विशेष अदालतबाट अपराध गरेको ठहर गरी कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा निजलाई सूचनासम्म दिए पुग्नेछ ।

(४) सजायको आदेश दिन पाउने अधिकारीले कुनै प्रहरी कर्मचारीले कसूर गरेको सम्बन्धमा जाँचबुझ गराउन आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकताअनुसार सम्बन्धित प्रहरी कर्मचारीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलव घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाईको मौका दिएकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको

भए सो समेत वारे आफ्नो ठहर लेखी सफाईको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राखु पर्छ ।

८७. **निलम्बन** : (१) कुनै प्रदेश प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधी छ महिनाभन्दा बढी हुने छैन । निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ:

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण लुकाउने वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा वा

(ग) कुनै कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा ।

(४) उपदफा (१) बमोजिम निलम्वनमा रहेको प्रहरी कर्मचारीले पाउने तलबभत्ताको आधा रकममात्र पाउनेछ ।

(५) कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वत: निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाई पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ ।

तर,

(क) कसुरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन् ।

(ख) कुनै प्रदेश प्रहरी कर्मचारी सरकारी कामको सिलसिलामा वा तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरुप निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

(६) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वा प्रदेश सरकार वादी हुने फौजदारी अभियोगमा अधिकार प्राप्त अधिकारीले अभियोग लागेको प्रहरी कर्मचारीलाई निलम्वन गर्नु पर्नेछ र सो को जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

(७) शुरु अदालतबाट सफाई पाएको कुनै प्रदेश प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ ।त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

८८. **सफाईको मौका दिनु नपर्ने** : कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ ।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नभएमा,

(ख) तोकिएको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

८९. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी** : (१) दफा ८० को उपदफा (२) को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

(२) दफा ८० को उपदफा (२) को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिन अधिकार अख्तियारवालालाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ ।

९०. **पुनरावेदनको म्याद तथा कार्यविधि**: (१) अख्तियारवालाबाट दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रहरी कर्मचारीले जुन कार्यालयबाट कारबाहीको आदेश गरिएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले आफूसँग भएको प्रमाण राखी सफाईको ब्यहोरा शिष्टभाषामा लेखी पुनरावेदन दिनुपर्नेछ साथै पुनरावदेनमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैँतिस दिनभित्र दिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

९१. **पुनर्वहाली भएमा पाउने सुविधा** : (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पूनर्वहाली भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाईएको वा बर्खास्त गरिएको मितिदेखि पुनः पद बहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ ।

तर, भगौडा वा गैर हाजीर भै सेवाबाट वर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन ।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलबभत्ता वापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ ।

(३) शुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा बिभागीय कारवाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त मुद्दामा पुनरावेदन तहबाट सफाई पाएमा निज सेवामा पुनर्बहाली हुनेछ ।

## परिच्छेद-१२

## प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था

९२. **प्रदेश सुरक्षा समिति** :(१) प्रदेश शान्ति सुरक्षा कायम गर्न तथा प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदान प्रदान, अन्तर प्रदेश तथा नेपाल सरकारसँग समेत सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) पृतनापति, नेपाली सेनाको कार्यालय प्रमुख (प्रदेश कार्यक्षेत्र भएको) | -सदस्य |
| (ग) सचिव, मन्त्रालय | -सदस्य |
| (घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरीको कार्यालय | -सदस्य |
| (ङ) प्रमुख, शसस्त्र प्रहरी बल नेपाल, प्रदेश कार्यालय | -सदस्य |
| (च) प्रमुख, राष्ट्रिय अनुसन्धान, प्रदेश कार्यालय | -सदस्य |
| (छ) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य, अधिकार र व्यस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## विविध

९३. **सेवाको सुरक्षा** : कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ती हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन् । संशोधनबाट प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न निर्वित्तिभरण पाउने प्रहरी कर्मचाहरुले मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन् ।

९४. **असल नियतको बचाउ** : (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतको आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुनु र हर्जना तिर्नु पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागी अख्तियारवालाको अनुमति प्राप्त नगरि मुद्दा चल्न सक्ने छैन ।

(२) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन्।

(३) उपदफा (२) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ ।

९५. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्था** : (१) प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै बिशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै बिशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मुल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा वर्दि सहित वा सादा पोशाकमा प्रदेश प्रहरी खटाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियार प्रयोग बदनीयत वा हेलचक्र्याँइका साथ गरेको हो होइन वा त्यस्तो स्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफुसँग रहेको स्रोतसाधन वा हातहतियारको प्रयोग बदनीयत, हेलचेक्र्याँई साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारवाही अगाडी बढाउनु पर्नेछ ।

(५) एक वा एक भन्दा वढी व्यक्तिको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाईते बनाउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा निजी, सार्वजनिक र सरकारी सम्पत्तिमाथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षती पुर्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ ।

९६. **सेवा परिवर्तनमा बन्देज** : प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको ईच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन ।

९७. **प्रदेश प्रहरी अभिलेख सम्बन्धी व्यवस्था** : (१) प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापनको लागि मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी किताबखाना रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९८. **अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था** : अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागीताको लागि छनौट सम्बन्धी आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९९. **सूत्र परिचालन गर्न सक्ने** : शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचनाको प्राप्ती, संग्रह र परिचालन गर्न मन्त्रालय तथा प्रदेश प्रहरीले सूत्र परिचालन गर्न सक्नेछ ।

१००. <u>सामुदायिक, पर्यटन</u>, <u>विकास, ट्राफिक</u>, स<u>शस्त्र प्रहरी सम्बन्धी व्यवस्था</u> (१) प्रदेश सरकारले सामुदायिक, पर्यटन, विकास, ट्राफिक, स<u>शस्त्र</u> प्रहरी लगायत अन्य संरचनाहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित प्रहरी संरचनाको सञ्चालन, व्यवस्थापन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०१. <u>हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोगः</u> प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्डको व्यवस्था प्रचिलित संघीय कानून बमोजिम हुनेछ ।

१०२. <u>कसूर, मुद्धाको अनुसन्धान, दायरी ,सजाय र पुनरावेदन</u> : प्रदेश प्रहरी कर्मचारीले गर्ने कसूरको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१०३. <u>कसूर र सजाय :</u> यस ऐन परिच्छेद-११ बमोजिमको विभागीय सजाय बाहेक प्रचलित कानून बमोजिम प्रहरी कर्मचारीको लागि हुने कसूर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

१०४. <u>अधिकार प्रत्योजन गर्न सक्ने :</u> (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजत्रपमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाईने छैन् ।

१०५. <u>प्रचलित कानून लागू हुनेः</u> (१)यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) प्रचलति कानून बमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून लागू हुने भए सोही बमोजिम र अन्यमा यसै ऐन बमोजिम हुनेछ ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानूनले कुनै खास विषयमा मापदण्ड, कार्यविधि एवं अन्य व्यवस्था गर्ने भनि तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ ।

१०६. <u>नियम बनाउने अधिकार</u> : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रहि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले कार्यविधि वा मापदण्ड वा निर्देशिका वा आचारसंहिता बनाउन सक्नेछ ।